नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, सल्यान

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०।११।२१)

सूचना नं. : ६

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सल्यानको चालु आ.व.०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति २०८०।१२।२० गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी | सल्यान र रुकुम(पश्चिम) जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भए बमोजिम | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैंया सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा ५० प्रतिशत रकम अनुदान स्वरुप वढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।
(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

विस्तृत जानकारीका लागि परियोजना कार्यान्वयन एकाइ, श्रीनगर, सल्यानमा वा कार्यालयको सम्पर्क नं ०८८-४००२२७/९८५७८४४३२७/९८४८२०६५७८

भिम पाण्डे
कार्यालय प्रमुख